# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८)   काठमाडौं, कात्तिक ३० गते २०५५ साल   (संख्या ३०


## भाग ३

### श्री ५ को सरकार

### युवा, खेलकुद तथा संस्कृति मन्त्रालयको सूचना

श्री ५ को सरकारले प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी बौद्ध क्षेत्रको देहाय बमोजिमको चार किल्लाभित्रको स्थललाई संरक्षित स्मारक क्षेत्र घोषित गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

पूर्व - चाबहिलबाट जोरपाटीतर्फ जाने मूल सडकको बौद्ध स्तूपबाट दक्षिण पूर्वको बौद्ध स्तूपतर्फ जाने, सानो गल्लीको छेउको मूल सडकबाट उत्तरतर्फ अनुसूची बमोजिमको नक्सामा देखाइएको का. म. न. पा. वडा नं. ६ साविकको बौद्ध गा. पं. वडा नं. २ मा पर्ने कि. नं. २२१ र ६९३ लाई भित्र पारी कि. नं. १५५ र १५६ को नक्सामा देखाए अनुसारको आधा भाग अर्थात् पश्चिमी भागलाई भित्र पारी कि. नं. १५७, १५८, १७२, १७१, १६९, १६८, १६७, १६६, १२८, १२६, ५१६, १२४, ४११, ४१२, ४९८, ४९६, ४९७ र ५०३ लाई भित्र पारी फूलबारी गुम्बा जाने बाटो सम्म ।

पश्चिम - का. म. न. पा. वडा नं. ६ साविक बौद्ध गा. पं. वडा नं. ३ को जोरपाटीतर्फ जाने मूल सडकको उत्तरतर्फको साविक होल्गा खोच हाल नयाँ निर्माण भएको बाटो हुँदै बौद्ध स्तूपबाट उत्तर पश्चिममा रहेको ढुङ्गेधारा हुँदै बौद्धबाट महाकाल जाने बाटोमा जोडिएको कि. नं. २९५ को पूर्वी सीमानासम्म ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उत्तर - का. म. न. पा. वडा नं ६ साविक बौद्ध गा. पं. वडा नं. ३ को बौद्धबाट महाकालतर्फ जाने बाटोमा जोडिएको कि. नं. २०७, ४६७, २१०, २०९, २२२, २३२ र २२९ लाई भित्र पारी फूलबारी जाने बाटोसम्म र सो बाटो पूर्वको कि. नं. ५०४ समेत ।

दक्षिण - जोरपाटीतर्फ जाने मूल सडकमा जोडिएका साविक होल्या खोंच तथा नयाँ निर्माण भएका कच्ची बाटोको मूल सडकमा जोडिएको ठाउँ देखि मूल सडक हुँदै बौद्ध स्तूपबाट पूर्व दक्षिणको बौद्ध स्तूपतर्फ जाने मूल सडकमा जोडिएको कि. नं. २२१ सम्म ।


खण्ड ३४, संख्या १६, मिति २०४१।४।१५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित शिक्षा तथा संस्कृति मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
विश्वनाथ सापकोटा
श्री ५ को सरकारको सचिव



२६८

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।




२६५



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित भएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

260

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।